**अनुसूची २**

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)


बबई राजपत्र

**बबई गाउँपालिकाद्वारा प्रकाशित**

खण्डः ८ बबई, दाङ संख्याः १६ मितिः २०८१/१०/३०


**भाग-१**

**बबई गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय, हापुरे, दाङ

## बबई गाउँपालिकाको गाउँकार्यपालिकाले बनाएको तल उल्लेखित कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि, २०८१

बबई गाउँपालिका पशुपालनको क्षेत्रमा प्रशस्त सम्भावना बोकेको गाउँपालिका हो । यहाँका अधिकांश मानिसहरूले मुख्य पेशाको रुपमा कृषि तथा पशुपालन पेशालाई अवलम्बन गरेका छन् । यसरी यस पालिकाका कृषकहरूलाई व्यवसायीक र प्रतिष्पर्धी बनाई उनीहरूको आयआर्जन वृद्दि गरी स्वावलम्बी बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बबई गाउँपालिकाको मिति २०८१।१०।२० को गाउँ कार्यपालिकाले बबई गाउँपालिकाको **कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि, २०८१** स्वीकृत गरेको छ।

## कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि, २०८१

**१. प्रस्तावनाः** बबई गाउँपालिका पशुपालनको क्षेत्रमा प्रशस्त सम्भावना बोकेको गाउँपालिका हो । यहाँका अधिकांश मानिसहरूले मुख्य पेशाको रुपमा कृषि तथा पशुपालन पेशालाई अवलम्बन गरेका छन् । यसरी यस पालिकाका कृषकहरूलाई व्यवसायीक र प्रतिष्पर्धी बनाई उनीहरूको आयआर्जन वृद्दि गरी स्वावलम्बी बनाउन बाञ्छनीय भएकोले यो कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ र बबई गाउँपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ दिएको अधिकार प्रयोग गरी बबई गाउँकार्यपालिकाले कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि, २०८१ जारी गरेको छ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "गाउँपालिका" भन्नाले बबई गाउँपालिकालाई सम्झनुपर्दछ ।

(ख) "अध्यक्ष" भन्नाले बबई गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

ग) "उपाध्यक्ष" भन्नाले बबई गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बबई गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

ङ) वडा" भन्नाले बबई गाउँपालिकाको सबै वडाहरूलाई सम्झनु पर्दछ ।

च) "सहकारी" भन्नाले कृषि तथा पशुजन्य वस्तु उत्पादनमा संलग्न बबई गाउँपालिका भित्रका सहकारीहरू लाई जनाउनेछ । यस शब्दले बबई गाउँपालिकाका कृषकहरूको कृषिजन्य उत्पादन खरिद गर्ने आसपासका सहकारीलाई समेत जनाउनेछ।

छ) “तरकारी" भन्नाले फूलगोभी, बन्दागोभी, केराउ, बोही, सिमी, साग, गोलभेडा, आलु, लौका, चिचिण्डा, घिरौला, पाटेघिरौला, भान्टा, फर्सि, काका, स्कुस, परबर, पिडालु लगायतका तरकारीको रुपमा प्रयोग हुने वस्तुलाई जनाउछ ।

ज) "फलफूल" भन्नाले कागती, जुनार, सुन्तला, अम्बा, आँप, लिचीलगायतका फलफुलको रुपमा प्रयोग हुने वस्तुलाई जनाउछ ।

झ) पशुजन्य भन्नाले दुध मासु अण्डा घ्यू आदी भन्ने जनाउछ ।

ञ) "मसलाजन्य वस्तु भन्नाले लसुन, प्याज, धनिया, खुर्सानी, अदुवा, हलेदोलगायत मसलाको रुपमा प्रयोग हुने वस्तुलाई जनाउनेछ ।

ट) "व्यापारी भन्नाले बबई गाउँपालिकामा व्यवसाय दर्ता गरी उद्योग बाणिज्य संघमा दर्ता भई पान नं. लिएको बबई गाउँपालिका भित्र उत्पादित कृषिजन्य सामाग्रीलाई व्यापार गर्न सहयोग पुर्याउने व्यवसायीलाई जनाउने छ ।

ठ) समुह" भन्नाले कृषि तथा पशुजन्य वस्तु उत्पादनमा संलग्न बबई गाउँपालिका भित्रका समुहहरू लाई जना उनेछ ।

ड) कृषि फर्म" भन्नाले कृषि तथा पशुजन्य वस्तु उत्पादनमा संलग्न बबई गाउँपालिका भित्रका कृषि फर्म हरूलाई जनाउनेछ।

ढ) "अनुगमन समिति" भन्नाले गाउँपालिका स्तरिय अनुगमन समिति बुझ्नु पर्दछ ।

**३. अनुदान** उपलब्ध गराउन सक्ने कृषि तथा पशुजन्य वस्तुहरूः

क) गाउँपालिकाले आफ्नो स्वीकृत बजेटको परिधिभित्र रही पशुजन्य उत्पादन अन्तर्गत दुध, मासु, अण्डामा र कृषिजन्य वस्तु अन्तर्गत तरकारी, फलफूल, मह, मसलाजन्य, खाद्यान्नवाली तथा तरकारी र फलफुलमा अनुदान उपलब्ध गराउने छ ।

**४. अनुदान उलब्ध गराउने विधिः**

क) कृषकहरूले अनुदान प्राप्त गर्नको लागि तोकेको कृषि सहकारी/कृषक समूह/कृषि फर्म/व्यापारी मार्फत मापदण्ड अनुसार विश्री वितरण साथै अनुसूची ६ बमोजिम संस्थालाई पूर्व जानकारी गराई वस्तु स्थिति विवरण भरेको हुनुपर्नेछ ।

ख) कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारी हरूले कृषिजन्य वस्तु खरिद गरेको र विक्री गरेको अभिलेख सम्बन्धित वडाका प्राविधिकको रोहवर र दस्तखत गरी अनुसूची-२ भी स्पष्टसँग राखेको हुनुपर्नेछ। साथै सम्बन्धित संस्थाले सो अभिलेख प्रत्येक महिनाको ७ गते भित्र गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

ग) गाउँपालिकाले कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारीको अभिलेखकोअनुगमन समितिले अनुगमन निरीक्षण गर्नेछ र झुठ्ठा विवरण राख्ने र पेश गर्ने समूह सहकारीहरूको दर्ता खारेजी गरी त्यस्ता कृषि सहकारी/कृषक समूह/कृषि फर्म / व्यापारी मार्फत अनुदान वितरण गरिने छैन । साथै त्यस्ता संस्थालाई गाउँपालिकाको कुनै पनि कार्यक्रममा सहभागी गराईने छैन

घ) अनुदान उपलब्ध गराउँदा कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारी लाई अनुदान उपलब्ध गराईनेछर कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारी मार्फत कृषकहरूले कृषि/पशुजन्य वस्तुको विक्रीको आधारमा अनुदान प्राप्त गर्नेछन् ।

ङ) कृषि तथा पशुजन्य वस्तुको विक्रीमा सहजीकरण गर्ने कृषि सहकारी/कृषक समूह/कृषि फर्म / व्यापारी हरूलाई व्यवस्थापन खर्च, कृषक लाई दिईने प्रोत्साहन बापत को कुल रकमको ५% रकम उपलब्ध गराईनेछ ।

च) यो कार्यविधि स्वीकृत भएपश्चात कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारी मार्फत विश्री वितरण गरी अनुसूची-२ बमोजिम अभिलेखिकरण गरिएका कृषकहरूलाई मात्र अनुदान उपलब्ध गराईनेछ।

छ) कृषि तथा पशुजन्य वस्तु विक्री वितरणमा संलग्न हुन चाहने कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारी हरूले अनुसूची-३ बमोजिमको कागजात सहित बडामा निवेदन पेश गर्नुपर्नेछ रनिवेदनको आधारमा वडाले गाउँपालिकामा सिफारिस गरिसकेपश्चात उक्त कार्यमा संलग्न हुने कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारीसंग गाउँपालिकाले संझौता गर्ने छ । यसरी संझौता गरिसकेपश्चात कृषिसहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारीहरुले वित्री वितरण गरेको कृषि/पशु वस्तुको विबरणअनुसूची-२ बमोजिम अभिलेख राख्न शुरु गर्नेछ ।

ज) बबई गाउँपालिका बाहिरका कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारीहरुलाई भने यस प्रकारको विक्रीमा आधारित अनुदान उपलब्ध गराईने छैन ।

झ) कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारीहरुले अनुदान रकम भुक्तानी को लागी अनुसूची-४ बमोजिम फारम भरी, अनुगमन समितिले भरेको अनुसुची-५ बगेजिमकोरिपोर्ट, वडा कार्यालयको सिफारिस, सम्बन्धित वडा प्राविधिकको प्रतिवेदनको आधारमा गाउँपालिकाबाट कृषि तथा पशुजन्य वस्तुको विक्रीमा आधारित अनुदान कृषकको मासिक, चौमासिक र बार्षिक कृषि/पशुजन्य बस्तुको बिक्री परिमाणको आधारमा संस्थाको बैंक खातामा उपलब्ध गराईनेछ।

ञ) कृषकहरूले प्राप्त गरेको अनुदान कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारी हरूले भर्पाई गरी सो को एकप्रति गाउँपालिकामा उपलब्ध गराउनु पर्नेछ ।

**५. अनुदान उपलब्धगराउने रकमः**

५.१. कृषकहरूलाई कृषि/पशुजन्य वस्तु बित्रीको आधारमा कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारीहरू मार्फत देहाय बमोजिमको रकम उपलब्ध गराईनेछ ।

| क्र.स | बालीवस्तु | समय अवधि | उत्पादन के.जि. लिटर /गेटा | समय अवधि | उत्पादन के.जि. लिटर /गेटा | प्रति के.जि. लिटर /गेटा | यस वर्षको प्रस्तावित प्रोत्साहन अनुदान रु. |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | दूध तथा दही | मासिक | ८० | वार्षिक | १००० | प्रति लिटर | २ |
| २ | घ्यू | मासिक | ४ | वार्षिक | ५० | प्रति केजि | ५ |
| ३ | बोका/खसी | मासिक | २० | वार्षिक | ३५० | प्रति केजि | ५ |
| ४ | लोकल कुखुरा | मासिक | ६० | वार्षिक | ७५० | प्रति केजि | ५ |
| ५ | मह | मासिक | ४ | वार्षिक | ५० | प्रति केजि | २०० |
| ६ | टमाटर | मासिक | १०० | वार्षिक | १००० | प्रति केजि | ५ |
| ७ | लसुन | मासिक | १०० | वार्षिक | १००० | प्रति केजि | ५ |
| ८ | प्याज | मासिक | १०० | वार्षिक | १०० | प्रति केजि | ५ |
| ९ | अदुवा | मासिक | १०० | वार्षिक | १००० | प्रति केजि | ५ |
| १० | वेसार | मासिक | १०० | वार्षिक | १००० | प्रति केजि | ५ |
| ११ | टिमुर | मासिक | ५० | वार्षिक | ५०० | प्रति केजि | १० |
| १२ | काउली | मासिक | २०० | वार्षिक | २०००० | प्रति केजि | ५ |
| १३ | वन्दा | मासिक | ३०० | वार्षिक | २०००० | प्रति केजि | ५ |
| १४ | आलु | मासिक | १००० | वार्षिक | ४०००० | प्रति केजि | २ |
| १५ | सिमि/वोडी | मासिक | ७०० | वार्षिक | १५०० | प्रति केजि | ५ |
| १६ | कागती | मासिक | ५० | वार्षिक | ५०० | प्रति केजि | १० |

**६.१. कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धि कार्यविधि, २०८१ को सञ्चालन आवश्यक निति निर्माण निर्देशन तथा कार्यान्वयनका लागि देहाय बमोजिमका सदस्यहरु रहनेगरी एक अनुगमनसमिति रहनेछ ।**

१. गाउँपालिका उपाध्यक्ष- संयोजक

२. प्रमुख प्रशासकीय अधिकृत सदस्य

३. गाउँपालिकाको पशु शाखाप्रमुख सदस्य

४. गाउँपालिका सहकारी हेर्ने कर्मचारी सदस्य

५. विषयगत समितिको संयोजक सदस्य

६. सम्बन्धित वडाको वडा अध्यक्ष सदस्य

७. सम्बन्धित वडाको कृषि र पशु सेवा प्राविधिक सदस्य

८. गाउँपालिकाको कृषिशाखा प्रमुख सदस्य सचिव

आवश्यकताको आधारमा अनुगमन समितिको बैठकमा अन्य सरोकारवाला विशेषज्ञहरु लाई समेत आमन्त्रण गर्न सकिनेछ ।

**६.२ अनुगमन समितिको काम कर्तव्य र अधिकार**

(क) कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धि कार्यविधि, २०८१ अन्तर्गत रहेर सञ्चालन गरिने कार्यक्रमहरुको लागि योजना निर्माण गर्ने, आवश्यक निति नियम बनाउन सहजिकरण गर्ने, अनुदानको लागि सिफारिस गर्ने र समग्र कार्यक्रमको अनुगमन गर्ने वा अनुगमनका लागि व्यवस्था मिलाउने ।

(ख) बजेट पेश गर्नका लागि गाउँकार्यपालिकाको बैठकमा योजना सहित पेश गर्ने ।

(ग) अभिलेख व्यवस्थापनका लागि सहजिकरण गर्ने ।

**६.३ अनुगमन समितिको बैठक**

(क) अनुगमन समितिको बैठक आवश्यकता अनुसार जुनसुकै समयमा बस्न सक्नेछ ।

(ख) ५१ प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको गणपुरक संख्या पुगेको मानिनेछ ।

(ग) अनुगमन समितिका संयोजक तथा सदस्यहरुले बैठक तथा अनुगमन दिनको नियमअनुसार बैठक तथा अनुगमन भत्ता खाना, खाजा तथा यातायातको खर्च व्यवस्था गरिनेछ ।

प्रमाणीकरण मितिः २०८१।१०।२०

आज्ञाले,
चेत नारायण कंडेल
प्रमुख प्रशासकीय अधिकृत

## अनुसुची-१

## कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान कार्यक्रम को लागि संस्थाले बबई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्ने निवेदनको ढाँचा वा नमुनाः-

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

बबई गाउँपालिकाको कार्यालय, हापुरे. दाङ।

विषयः उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गर्न स्वीकृत गरिदिने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको सूचना अनुसार कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालनको लागी सुचनामा उल्लेख भए अनुसार यस संस्थाको मिति.... मा बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम उक्त कार्यक्रम संचालन गर्न संस्थाको निर्णय भएको हुदाँ उक्त कार्यक्रम संचालनको लागी त्पसिलको विवरण सहित यो निवेदन पेश गरेको छु। उक्त कार्यक्रम संचालन गर्न स्वीकृत प्रदान गरिदिनु हुन

अनुरोध गर्दछु ।

**तपशिलः-**

संस्थाको नामः-<br>
ठेगानाः-<br>
दर्ता नं.:-<br>
दर्ता मितिः-<br>
पान नं.<br>
शेयर सदस्य संख्या :<br>
शेयर रकम :<br>
बचत रकम :<br>
अन्य रकम :

संस्थाको कुल जम्मा रकम :<br>
संस्थाको अध्यक्ष को नामः<br>
दस्तखतः<br>
संस्थाको छापः

अनुसूची २

समुह / कृषि फर्म / व्यापारी/स्हकारीको नामः

ठेगानाः

विवरणको अवधि ———— देखि————.सम्म

| क्र.स | बिक्री मिति | कृषकको नाम | सहकारि/समुह/व्यापारिको नाम | बिक्रि कृषि तथा पशु वस्तु | एकाई | परिमाण | जम्मा विक्री रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

विवरण तयार गर्नेको हस्ताक्षरः

विवरण तयार गर्नेको नामः

विवरणतयार गर्नेको पदः

मितिः

प्रमाणित गर्नेको हस्ताक्षरः

प्रमाणित गर्नेको नामः

प्रमाणित गर्नेको पदः

मितिः

# अनुसुची ३

## निवेदन साथ संलग्न हुनुपर्ने मुख्य कागजातहरुको विवरण

१. निवेदन ।

२. सम्बन्धित निकायमा दर्ता तथा नविकरण गरिएको प्रमाण-पत्रपत्रको प्रतिलिपि ।

३. प्यान प्रमाण-पत्र र कर चुक्ता प्रमाण पत्रवो प्रतिलिपि ।

४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

५. समुह र सहकारीको हकमा कार्यक्रममा सहभागि हुनको लागी संस्थाको बैठक बसि निर्णय गरिएको माइनुटको प्रतिलिपि ।

६. निवेदकको नेपाली नागरिकता/परिचय खुल्ने प्रमाण-पत्रको प्रतिलिपि ।

पुनः कृषक समूहमा कम्तिमा पनि १५ जना सदस्य हुनुपर्नेछ ।

अनुसुची-४

( कृषि/पशुजन्य वस्तु तथा अनुदान रकम पेश गर्दा भर्नुपर्ने विवरण)

| क्र.स | कृषकको नाम | ठेगाना | कृषि/पशुजन्यवस्तु | एकाई | परिमाण | अनुदान रकम | सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## अनुसुची-५

### अनुगन समितिले संस्था अनुगमनको क्रममा भर्नुपर्ने फारम

| क.स | शिर्षक | वस्तु स्थिति | | | कैफियत |
|---|---|---|---|---|---|
| | | उत्तम | मध्यम | कमजोर | |
| १ | तौल मेसिनको स्थिति | | | | |
| २ | अभिलेखिकरण को स्थिति | | | | |
| ३ | नियमित बैठक बसे/नबसेको | | | | |
| ४ | संस्था सम्म विद्युत सडक को स्थिति | | | | |
| ५ | कृषि/पशुजन्य वस्तुको वित्री वितरण स्थिति | | | | |
| ६ | उत्पादनको अवस्था | | | | |

५.१. अनुगमन समितिको दस्तखत

१. गाउँपालिका उपाध्यक्ष- संयोजक

२. प्रमुख प्रशासकीय अधिकृत सदस्य

३. गाउँपालिकाको पशु शाखाप्रमुख सदस्य

४. गाउँपालिका सहकारी हेर्ने कर्मचारी सदस्य

५. विषयगत समितिको संयोजक सदस्य

६. सम्बन्धित बडाको वडा अध्यक्ष सदस्य

७. सम्बन्धित वडाको कृषि र पशु सेवा प्राविधिक सदस्य

८. गाउँपालिकाको कृषिशाखा प्रमुख सदस्य सचिव

## अनसुची-६

## कृषकले कृषि तथा पशुजन्य वस्तु बिक्री गर्नु पूर्व संस्थालाई उपलब्ध गराउनुपर्ने/भर्नुपर्ने बस्तुको स्थिति विवरण

| क.स | कृषि तथा पशुजन्य उपजको नाम | एकाई(के.जि/लिटर/वटा) | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

कृषकको नाम थरः-

ठेगानाः-

सम्पर्क नंः-

दस्तखतः-